विकास र परिवर्तनको पक्षमा
www.apandainik.com
सिरहा सदरमुकामबाट विगत ७ वर्ष देखि प्रकाशित हुने एक मात्र
द.नं. जि.प्र.का. सिरहा ५०/०७१/०७२
प्रदेश नं. २ सिरहा संस्करण

अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

Facebook
@apandainik
Follow us Like us

अनलाइनबाट E-Paper पढ्नको लागि QR Code स्क्यान गरी अपन दैनिक पत्रिका पढ्नुहोस्



❑ वर्ष : ७ ❑ अंक : २९६ पृष्ठ : ४ ❑ मंगलबार २३ कार्तिक २०७८ पञ्चमी ❑ Tuesday 09 Nov. 2021 ❑ मुल्य : रू. ५।-

पूर्वमन्त्री श्रेष्ठद्वारा प्रमुख प्रशासकीय भवन शिल्यानाश

रुनकेश कामती

सिरहा, २२ कार्तिक । पूर्व कानूनमन्त्री लीलानाथ श्रेष्ठले सिरहाको नरहा गाउँपालिकाको प्रमुख प्रशासकीय भवनको शिल्यानाश गरिएको छ ।

३६ कोठाको तीन तल्ले भवन ५ करोड लागतमा निर्माण हुन लागेको छ। प्रमुख प्रशासकीय भवनमा गाउँपालिका मातहत रहेका विभिन्न विषयगत कार्यालयको शाखाहरु हुनेछ । नरहा गाउँपालिका वडा ५ मा शिल्यानाश गरिएको भवन निर्धारित समयभित्र सक्ने लक्ष्यमा जोड दिन पूर्वमन्त्री श्रेष्ठले आग्रह गरेको छ। प्रमुख प्रशासकीय भवन करिब ८ कट्ठा जग्गामा निर्माण गरिने गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाको आफ्नो भवन नहुँदा पूरानो गाउँ विकास समितिको भवनमा कार्यालय संचालन रहेको छ । न्यायिक समिति लगायतका केही कार्यालय पानबारी चौक नजिकै भाडाको कोठामा संचालनमा रहेको गाउँपालिकाले जनाएको छ ।

बाँकी पृष्ठ ३ मा

ठूलो परिमाणमा साखुवाको चिरान बरामद

अपन दैनिक संवाददाता

सिरहा, २२ कार्तिक । डिभिजन वन कार्यालय लहानले भारीमात्राका सखुवाको चिरान बरामद गरेको छ । विशेष सूचनाको आधारमा मिर्चैया नपा ९ पुलिसपट्टाबाट ल्याउँदै गरेको अबस्थामा ५१ थान सखुवाको चिरान बरामद गरेको हो ।

चुरेक्षेत्रको बाटोहुँदै अवैधरुपमा तस्करहरुले काठ ल्याउँदै गरेको भन्ने विशेष सूचनाको आधारमा त्यहाँ पुगेका सशस्त्र वन रक्षकको टोलिले काठ बरामद गरेको डिभिजन वन कार्यालय लहानका डिभिजनल वन अधिकृत सुभाष चन्द्र दासले जानकारी दिए ।

उनले बरामद काठ जङ्गलक्षेत्रमा यत्रतत्र छरिएको अवस्थामा फेला परेको दासले जानकारी दिए । विक्रिकोलागि ठिक्क पारिएर राखेको भन्ने विशेष सुचनाको आधारमा त्याँ पुग्दा कतै दुईवटा

बाँकी पृष्ठ ४ मा

सिरहामा सर्वाधिक राशीको पत्रकारिता पुरस्कार स्थापना

पत्नीको स्मृतिमा नेता चौधरी प्रत्येक वर्ष ५१ हजारको पुरस्कार प्रदान गर्ने

समाजसेवी महेश चौधरी
स्व. संगिता कर्माचार्य

अपन दैनिक संवाददाता

सिरहा, २२ कार्तिक । नेपाली कांग्रेस सिरहाका नेता तथा समाजसेवी महेश चौधरीले पत्नीको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना गरेका छन् । 'संगीता कर्माचार्य स्मृति पत्रकारिता पुरस्कार'का लागि उनले ५१ हजार राशिको पुरस्कार कोष स्थापना गरेको छ। अगामी मंसिर २२ गते आयोजना हुने कार्यक्रममा जिल्लाका एक जना पत्रकारलाई सो पुरस्कार प्रदान गरिने नेता चौधरीले बताएका छन् । नेपाल पत्रकार महासंघ सिरहा शाखाका प्रतिनिधि र संगीता कर्माचार्य स्मृति प्रतिष्ठानका प्रतिनिधि सहितको बैठकले सो पुरस्कारका लागि एक सञ्चारकर्मीको नाम छनोट गर्ने जनाइएको छ।

कोरोना संक्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनका बेला गाउँ-गाउँका गरिब विपन्न परिवारलाई राहत वितरण गर्न सक्रिय कर्माचार्यले गत वैशाख २८ गते आमाको मुख हेर्ने दिन लहान नगरपालिका १३ का २१ महिलालाई साडी वितरण गरेकी थिईन्। त्यही दिन कोरोना संक्रमण भएपछि उपचारको लागि झापास्थित अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा कर्माचार्यको २०७८ जेठ २२ गते मृत्यु भएको थियो।

सहजा सिंचाईले कृषकहरु खुसी

अपन दैनिक संवाददाता

सिरहा, २२ कार्तिक । सिरहाको औरही गाउँपालिकामा सहजा नदीबाट सिचाई गर्ने योजना साकार भएको छ ।

वर्षौंदेखि अकाशे पानीको भरमा खेतीपाती गर्दै आएको औरही गाउँपालिका ३ र ४ का कृषकहरुलाई प्रदेश सरकारको सहयोगमा सहजा नदीमा हेडबक्स, क्यानल लगायतका संरचना निर्माण गरिएको छ । सिचाई सुविधा पाएसँगै कृषकहरुको मुहारमा खुशीयाली छाएको छ ।

प्रदेश २ सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत जलश्रोत तथा सिंचाई विकास कार्यालय सिरहा मार्फत् सहजा नदीमा ५ करोड ६० लाखको लागतमा हेडबक्स, क्यानल लगायतका संरचना निर्माण भएर कृषकहरुको खेत खेतमा सिंचाई हुन थालेको स्थानीयले जनाएका छन् ।

हेडबक्स नभइदिंदा औरही वडा नं. ३ र ४ का खजनपुर, इटाटार,

बाँकी पृष्ठ ४ मा

महापर्व छठ अन्तर्गत आज खरना

अपन दैनिक संवाददाता

सिरहा, २२ कार्तिक । आराध्यदेव सूर्यको उपासना गरी मनाइने महापर्व छठ अन्तर्गत आज दोस्रो दिन खरना रहेको छ । जीवन पद्धतिलाई प्रतिविम्बन गर्ने छठको खरनालाई पापको क्षय हुने दिनको रुपमा लिइन्छ ।

खरना अन्तर्गत गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले

भूमि सुशोभित गरी बर्तालु दिनभर उपवास बस्ने गर्छन् । बेलुकीपख चन्द्रमाको दर्शन गरिसकेपछि माटोको नयाँ

बाँकी पृष्ठ ३ मा

विद्युत् चुहावट पाँच प्रतिशत घट्यो

अपन दैनिक संवाददाता

लहान, २२ कार्तिक । कोरोना महामारीमा पनि विद्युत् चुहाबट नियन्त्रण अभियान सञ्चालन भएकाले आर्थिक वर्ष २०७७/०७८ मा लहान क्षेत्रमा करिब ५ प्रतिशत विद्युत् चुहाबटमा कमी आएको छ।

विद्युत् प्राधिकरण वितरण केन्द्रले चुहाबट नियन्त्रणका लागि अभियान सञ्चालन गरेकाले चुहाबट ३२ दशमलव ९५ प्रतिशतमा झरेको हो । विगत वर्षमा करिब ३७ प्रतिशत विद्युत् चुहाबट हुँदै आएकामा आर्थिक वर्ष २०७७/०७८ मा करिब पाँच प्रतिशत चुहाबट घटेको केन्द्रका प्रमुख ई जीतेन्द्र कुमार यादवले जानकारी दिएका छन्।

विद्युत् चुहावट नियन्त्रणका लागि सञ्चालित अभियानका क्रममा हुकिङ गरी विद्युत् चुहाबट गर्नेलाई कारबाही गरी १७ लाख ४७ हजार ७५४ राजस्व संकलन र १७६ थान विद्युत् उपकरणसमेत बरामद गरिएको थियो। उक्त अभियानपछि गत आर्थिक वर्ष चार हजार ३३९ नयाँ ग्राहक थपिएका थिए।

आर्थिक वर्ष २०७६/०७७ मा ५८ हजार ८ सय ४ ग्राहक रहेकोमा आर्थिक वर्ष २०७७/०७ मा ६३ हजार २ सय २३ ग्राहक संख्या पुगेको जनाएको छ । यस्तै समयमै विद्युतको महसुल नबुझाउने ६७४ ग्राहकको विद्युत् लाइनसमेत काटिएको थियो। विद्युतको बाँकी बक्यौता रकम समयमा नबुझाउने र समयमै विद्युत् महसुल बुझाउन पटक-पटक आग्रह गर्दासमेत बेवास्ता गर्ने ग्राहकको विद्युत् लाइन काटेर दुई करोड ७९ लाख ५७ हजार २७१ बक्यौता असुली भएको प्रमुख यादवको भनाइ थियो। सो अवधिमा कार्यालयले ३४ करोड ७२ लाख ९३ हजार २२४ महसुल संकलन भएको जनाएको छ।

गोलबजारको फर्निचर शो रुममा आगलागी

लाखौंको समाग्री जलेर नष्ट

अपन दैनिक संवाददाता

सिरहा, २२ कार्तिक । सिरहाको गोलबजारमा रहेको एक स्टिल फर्निचर शो रुममा सोमवार अपरान्ह आगलागीहुँदा लाखौंको सामान जलेर नष्ट भएको छ ।

गोलबजार नपा ६ मा रहेको ज्योती स्टेशनरीले सञ्चालन गरेको फर्निचर शो रुममा रहेको स्टिल दराज, टेवल, फर्निचर निर्माणमा प्रयोग हुने फम, म्याट, कार्पेट लगायतका सामाग्रि जल्दा करिव १२ लाखको मूल्य बरावरको सामाग्री जलेको प्रहरीले जनाएको छ।

गोलबजार नगरपालिका ६ दोहटियाका योगेन्द्र यादबको घर भाडामा लियर सञ्चालन गरेको शो रुममा विद्युत सर्ट भएर आगलागीभएको हुनसक्ने प्रहरीले अनुमान गरेको छ।

गोदाममा करिब १२ लाख मुल्य बराबरको सामान रहेको सन्चालक ज्योती नायकले बताए। जसमध्ये सवै सामाग्री जलेको इलाका प्रहरी क्रायलय गोलबजारका प्रमुन इन्सपेक्छर सन्तोष राईले जानकारी दिए ।

बाँकी पृष्ठ ३ मा

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
न्यूज डेस्क कम्प्यूटर ले-आउट : रुनकेश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुनकेश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह
(अधिवक्ता)
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/apandainik
युट्युब अकाउन्ट : Apan Dainik Siraha
वेबसाइड : www.apandainik.com

सम्पादकीय.......

खेलाडी छनौटमा भेदभाव नहोस्

वाईवाई अन्डर १९ क्रिकेट प्रतियोगिताको निम्ति जिल्ला स्तरीय क्रिकेट खेलाडी छनौट सुरु गरिएको छ। सिरहा जिल्लाबाट १४ जना खेलाडी छनौट गरिने गरी विभिन्न चरणको अभ्यासहरु भईरहेको छ। यु-१९ भित्र अटाउन जिल्लाभरीबाट ६० जनाभन्दा वढी क्रिकेट खेलाडी छनौटमा सहभागी भएका छन् ।

जिल्लाको शंकर रंगशाला मखनाहामा भईरहेको छनौट चरणबाट २८ जना खेलाडी आईतवार छनौट भएका छन्। चरणबद्ध रुपमा खेलाडीको फिल्डिङ, बलिङ, ब्याटिङ लगायतका पक्षलाई केलाउँदै छनौट चरण आयोजना गरिएको हो । सिरहा जिल्लामा खेलाडी छनौट चरणमा यस वर्ष पारदर्षिता अपनाउने प्रयास भएको छ। जुन राम्रो र सबल पक्ष हो ।

सिरहा जिल्लाका क्रिकेट खेलाडीले एक समय राष्ट्रिय स्तरमै ख्याती कमाएका थिए । जतिखेर पूर्वाञ्चलको प्रतिनिधित्व हुँदा सिरहाबाट उत्कृष्ट खेलाडीहरु सहभागी हुने गर्थ्यो । त्यसका अलावा सिरहा क्रिकेट कल्वको बेग्लै पहिचान राष्ट्रिय स्तरको क्रिकेटमा रहेको थियो । आफ्नै लगानीमा त्यसबेला सिरहाका क्रिकेट खेलाडीले स्तरीय प्रर्दशन गरी चर्चा बटुलेका थिए ।

यतिखेर समय फेरिएको जस्तो छ । क्रिकेटमा युवा खेलाडीको सहभागीता उच्च स्तरमा देख्न सकिन्छ । युवा खेलाडीहरुले क्रिकेट खेलबाट आफ्नो नाउँ स्थापित गर्न खोजिरहेको छ । आफ्नै लगानीमा महँगा क्रिकेट सामग्री खरिद गरी अभ्यास र स्थानीय स्तरका प्रतियोगितामा सहभागिता हुँदै आएको छ । यसलाई राम्रो रुपमा हेर्नुपर्छ। युवा क्रिकेट खेलाडीमा क्रिकेटप्रति देखिएको सम्पर्णलाई विशेष ध्यान दिनुपर्छ। स्थातीयदेखि प्रदेश र संघ सरकारले जिल्ला जिल्लामा उदयमान क्रिकेट खेलाडीको स्तर उकास्न योजना र खेलकुदको नियमित आयोजना गर्नुपर्छ ।

जारी छनौट चरणमा जिल्ला क्रिकेट संघ सिरहाले पनि जिल्लामा रहेका होनहार युवा प्रतिभा ओझेलमा नपरोस भन्ने ध्येयका साथ खेलाडीको चयन गर्नुपर्छ। भेदभाव, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जिल्ला र देशको नाउँ उच्च राख्न सक्ने खेलाडीलाई चयन गर्नबाट चुक्नु हुँदैन् ।


जुनसुकै जात, धर्म, लिङ्ग, क्षेत्र, उमेर वा वर्णका मानिसहरुलाई
कोभिड-१९ संक्रमण हुनसक्छ
कोभिड-१९ संक्रमितलाई अपहेलना र भेदभाव नगरौं
कोभिड-१९ संक्रमण भएर आइसोलेसनमा बसिरहनुभएका हाम्रा
आफन्त र छिमेकीहरुको नजिक जान नमिले पनि टाढैबाट
माया र हौसला बाडौं
कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, सिरहा (नेपाल)

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
जिल्ला सिरहा
प्रदेश नं. २, नेपाल

हाट बजार ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/२३

यस नगपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमका बजारहरुको २०७८ मसिर १ गते देखि २०७९ असार मसान्त सम्मको लागि बहाल विटौरी कर (हाट बजार सेवा शूल्क) उठान गर्ने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था वा कम्पनिहरुले सूचना प्रकाशन भएको मितिबाट ७ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

सि.नं.	बजारको नाम	न्यूनतम दर (मु.अ.क. बाहेक)	धरौटी रकम
१	अर्नामा बनिनियाँ बजार	३००००।-	१५००।-
२	चतरी बजार	३००००।-	१५००।-
३	ईटारी प्रसाही बजार	१०००००।-	५०००।-
४	चिकना बजार	१०००००।-	५०००।-
५	भेडीया पूर्वटोली बजार	३००००।-	१५००।-
६	भेडीया रमपुरा बजार	३००००।-	१५००।-
७	डुमरी बजार	१५०००।-	७५०।-
८	करुन्याही बजार	३००००।-	१५००।-
९	रमना बडठीया बजार	१५०००।-	७५०।-
१०	कल्याणपुर बजार (दुवै)	२०००००।-	१००००।-
११	बेलहा बजार	१५००००।-	७५००।-

शर्तहरु :

(१) यो सुचना प्रकाशित भएको मितिले ७ औ दिनसम्म कार्यालय समय भित्र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र निवेदन र संघ संस्था, फर्म, कम्पनीको हकमा म्याद रहेको दर्ता प्रमाणपत्र,मु.अ.कर प्रमाणपत्र र आ.व. २०७७/०७८ को कर तिरेको रसिद र निवेदन सहित दस्तुर रु १०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखावाट फारम खरिद गर्न सक्ने छ ।

(२) रितपूर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ।दर्ता भएको दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

(३) दरभाउपत्र साथ माथि उल्लेखित धरौटी बापतको रकम कार्यालयको माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको धरौटी खाता नं.०८१०११०८१८५०००४२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

(४) दर रेट भर्दा मूल्य अभिवृद्धिकर बाहेकको दर रेट भर्नु पर्नेछ।

(५) दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर ठेक्का नं,बजारको नाम, दरभाउपत्रदाताको नाम,ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(६) दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

(७) एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

(८) रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।

(९) दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

(१०) नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने हाट बजार सेवाको दररेटहरुको बोर्ड बनाई ठेकेदारले नै राख्नु पर्नेछ।

(११) नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारण वश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

(१२) सूचनामा केही कुरा थपघट गर्नुपरेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सुचना पार्टीमा टाँस गरि जनाकारी गराईनेछ साथै सूचना सम्बनधि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

(१३) यस ठेक्का बापत नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण करदस्तुर फि महशुल आदि ठेकेदारले नै बुझाउनुपर्नेछ

(१४) ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम,थर,ठेगाना खुलेको नामावली नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा बढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उतरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

(१५) ठेक्का प्राप्त बजारबाट नगरपालिकाले तोकि दिएको भन्दा फरक आफुखुशी मूलय निर्धारण गरी रकम संकलन गरेको पाइएमा ठेकका लिने व्यक्तिबाट असूल उपर गरि कानुनी कारबाही गरिनेछ।

(१६) स्वीकृत भएको दरभाउपत्र पेश गरको दरभाउपत्रदाताले आफुले कवोल गरेको रकमको प्रथम किस्ता सम्झौता हुनुपुर्व,दोश्रो किस्ता २०७८ चैत महिनाको पहिलो हप्ता भित्रमा यस कार्यालयमा दाखिला गर्नुपर्ने वा यस कार्यालयको नाममा माच्छापुच्छ्रे बैंक शाखा कार्यालयक कल्याणपुरमा रहेको आन्तरिक राजश्व खाता नं. ०८१०११०८१८४०००७६ मा रकम दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ। कार्यालयले दिईएको म्याद भित्र रकम दाखिला हुन नसकेमा सो पछिको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरी ठेक्का बन्दोवस्ती गरिने छ। ५ प्रतिशत धरौटी रकम अन्तिम किस्तामा मिनहा गरिने छ।

(१७) किस्ता रकम समयमा दाखिला नगरेमा ठेक्का अवधिमा १० प्रतिशत र अवधि समाप्त भएपछि मालपोत सरहको जरिवाना सहित रकम असुल उपर गरिनेछ।

(१८) अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ।

कल्याणपुर नगरपालिका सिरहा

बरियारपट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/२३

यस बरियारपट्टी गाउँपालिका अन्तर्गत तपशिल बमोजिमका कर्मचारी करारमा राख्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम योग्य नागरिकहरुले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । रीत नपुगी वा म्याद नाघेर आएका दस्खास्त उपर कुनै कारवाही हुने छैन ।

क्र.स	विज्ञापन नं.	पद	खल्ला	समावेशी			जम्मा पद संख्या
				महिला	मधेशी	दलित	
१	०१/२०७८/०७९	गाउँ प्रहरी सहायक निरिक्षक	१	-	-	-	१
२	०२/२०७८/०७९	गाउँ प्रहरी हब्लदार	१	-	१	-	२
३	०३/२०७८/०७९	गाउँ प्रहरी जवान	४	१	२	१	८
४	०४/२०७८/०७९	सहायक कम्प्युटर अपरेटर	३	१	१	-	५
५	०५/२०७८/०७९	अ.हे.ब.	१	१	१	-	३
६	०६/२०७८/०७९	अ.न.मी.	१	१	१	-	३
७	०७/२०७८/०७९	हेबी सवारी चालक	१	-	-	-	१
८	०८/२०७८/०७९	कार्यालय सहयोगी	३	१	१	-	५

१. दरखास्त दस्तुर :

गाउँ प्रहरी सहायक निरिक्षक पदको हकमा दरखास्त दस्तुर रकम रु. १०००/- बुभाउनु पर्नेछ , गाउँ प्रहरी हब्लदार र हेबी सवारी चालकको हकमा दरखास्त दस्तुर रकम रु. ७००/- बुझाउनु पर्नेछ र त्यस पछी थप प्रत्येक किसिमको समावेशीको लागि रकम रु. ३००/- (तीन सय) थप दस्तुर बुझाउनु पर्नेछ, गाउँ प्रहरी जवान, सहायक कम्प्युटर अपरेटर, अ.हेब., अ.न.मी. र कार्यालय सहयोगी पदको हकमा दरखास्त दस्तुर रकम रु. ५००/- बुझाउनु पर्नेछ, र त्यस पछी थप प्रत्येक किसिमको समावेशीको लागि रकम रु. २००/- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ, दरखास्त दस्तुर यस कार्यालयको राजस्व शाखामा बुझाएको सक्कल नगदि रसिद वा यस कार्यालयको प्रभु बैंक बरियारपट्टीमा स्थित **आन्तिरिक राजश्व ग.१.१ खाता नं. १४७०११६०८२६००१६६ मा जम्मा गरेको सक्कल भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ ।**

२ दरखास्त साथ समावेश गनुपर्ने कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति

ख) हालैसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साईजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) ३ प्रति फोटो

ग) आफुले गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद्को/त्रि.वि.वि./राष्ट्रिय परिक्षा बोर्ड बाट समकक्षता निर्धारणको प्रमाणपत्र (Equivalent Certificate)।

घ) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरि तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरि संस्था नतोकेको सम्म सम्बन्धित स्थानिय निकाय प्रमुख सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित प्रमाणपत्रको प्रतिलिपी १ प्रती

ङ) दलितको हकमा :- राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिको हकमा सोहि सुचिको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जाति भित्र १ भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको काग्जात ।

च) दरखस्त फारम सँग संलग्न गरि पेश गर्ने कागजातहरुको प्रतिलिपीको पछाडीपट्टी सक्कल बमोजिमको नक्कल ठिक छ भनि उम्मेदवार स्यवंले अनिवार्य रुपमा दस्तख्त गर्नु पर्नेछ ।

परिक्षा बिधि :

क. बिज्ञापन नं. ०१/२०७८/०७९, ०२/२०७८/०७९ र ०३/२०७८/०७९ को हकमा :
- प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परिक्षण परीक्षा,
- लिखित परिक्षा (नेपाल प्रहरीले निर्धारण गरिएको पाठयक्रम बमोजिम)
- वस्तुगत बहुउत्तर प्रश्नको गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिने व्यहोरा जानकारी गराईन्छ ।
- प्रयोगात्मक परिक्षा
- बिशेष स्वास्थ्य परीक्षण परीक्षा
- अन्तरवार्ता

ख. बिज्ञापन नं. ०४/२०७८/०७९ को हकमा
- लिखित परिक्षा (लोक सेवा आयोगले निर्धारण गरिएको पाठयक्रम बमोजिम)
- प्रयोगात्मक परिक्षा (लोक सेवा आयोगले निर्धारण गरिएको पाठयक्रम बमोजिम)
- अन्तरवार्ता

ग. बिज्ञापन नं. ०५/२०७८/०७९ र ०६/२०७८/०७९ को हकम :
- लिखित परिक्षा (लोक सेवा आयोगले निर्धारण गरिएको पाठयक्रम बमोजिम)
- कम्प्युटर सिप परिक्षण (लोक सेवा आयोगले निर्धारण गरिएको पाठयक्रम बमोजिम)
- अन्तरवार्ता

घ. बिज्ञापन नं. ०७/२०७८/०७९ को हकम :
- प्रयोगात्मक
- अन्तरवार्ता

ङ. बिज्ञापन नं. ०८/२०७८/०७९ को हकमा :
- अन्तरवार्ता

३. आवश्यक न्युनतम योग्यता :

सि.नं.	पद	आवश्यक न्युनतम योग्यता :
	• गाउँ प्रहरी सहायक निरिक्षक • गाउँ प्रहरी हब्लदार • गाउँ प्रहरी जवान • सहायक कम्प्युटर अपरेटर • अ.हे.ब. • अ.न.मी. • हेबी सवारी चालक • कार्यालय सहयोगी	• नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको । • कुनै राजनीतिक पार्टीको सदस्य नरहेको । • मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

बाँकी पृष्ठ ४ मा

मन्त्री यादवले सयौं कार्यकर्तालाई जसपामा प्रवेश गराए

अपन दैनिक संवाददाता

सिरहा, २२ कार्तिक । सिरहाको धनगढीमाई नगरपालिका ५ का विभिन्न पार्टी परित्याग गरी सयौं कार्यकर्ता जनता समाजवादी पार्टी (जसपा)मा प्रवेश गरेका छन् । जसपा मधेस प्रदेश कमिटी अध्यक्ष एवं प्रदेशका भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री विजय कुमार यादवले नवप्रवेशी कार्यकर्तालाई सदस्यता प्रदान गर्दै स्वागत

बाँकी पृष्ठ ४ मा

छठको बेला भारतमा ठगिँदै नेपाली
पर्व शुरु भएसँगै सिमानामा भिड

अपन दैनिक संवाददाता

सिरहा, २२ कार्तिक । तिहार सकेलगतै तराईवासी हिन्दुहरुको सबैभन्दा ठुलो र पवित्र पर्व छठ पूजाको समाग्री लगायत अन्य समाग्री किन्नेहरुको चाप बढेको छ ।

एकदमै कडा धार्मिक नियमपुर्वक आस्था र विश्वासका साथ मनाईने चार दिवसीय यो पर्वको तयारीमा आजबाट सुरु भएको हो। भारतीय सिमा नजिकै भएका कारण सिरहाका प्रायः मानिस बैरगनियाबाटनै समान खरिद गर्ने गर्छन्। भारतीय बजारमा सामान किन्न जाने नेपालीसंग भारतिय व्यापारीले 'बटा' को नाममा सयकडा ६ रुपैयाँ सम्म अधिक लिइरहेका छन् ।

१ किलो सामान खरिद गर्दा तौल समेत कम हुने र रकम पनि बढी तिर्दा स्थानीयहरु ठगिने क्रम बढेको छ । छठको बेला समान खरिद गर्ने मानिसको सिमामा चाप बढेको छ भने नेपाली बजारमा व्यापार कम भएको व्यवसायीहरुले बताएका छन् । नेपालमै पाइने सामग्रीहरु समेत भारतमा सस्तो मूल्यमा पाउने भन्दै भारत जानेहरुको भिड बढेको छ । सिरहा सिमा क्षेत्रका बरिब ७० प्रतिशत भन्दा बढी मानिस किनमेलका लागि जयनगर गइ रहेका छन् ।

लत्ता कपडा तथा खाद्यान्न सामग्री खरिद गर्न स्थानीयहरु भारतीय बजार तर्फ गएको कारण आफुहरु मर्कामा परेको व्यापारीहरु बताउछन् । भारतीय बजारमा हजारौंको संख्यामा नेपालीहरु पुग्न थाले पछि नेपाली रुपैयाँको मुल्य घटाएर भारतीय मुद्रामा भारतीय व्यापारिले थप रकम लिन थालेका छन् ।

एक सय भारतीय रुपैयाँको नेपाली विनिमय दर १ सय ६० रुपैयाँ नेपाली भए पनि भारतीय व्यापारीले प्रत्येक सय रुपैयाँमा नेपालीसंग ६ रुपैयाँ सम्म थप रकम लिइ रहेका छन् । सिरहा जिल्लामा रहेका छठ पर्वमा लाखौं रुपैयाँ खर्चेर सरसफाइ, सजावट र व्यवस्थापनका लागि कामहरू पनि धमाधम भईरहेको छ ।

महापर्व छठ अर्न्तगत आज ....

चुल्हामा र माटाकै नयाँ भाँडामा सखर, दूध र गम्हरी चामलको खीर पकाइन्छ ।

गम्हरी चामलका अभावमा धानको चामलको प्रयोग गरिन्छ । कतिपय परिवारमा खीरका साथै रोटी पनि पकाइन्छ । खरनामा नौवेद्य चढाइने बेलामा जति अर्घदान गरिने हो, त्यति स्थानमा केराको पातमाथि नौवेद्य चढाउने गरिन्छ ।

यसरी चढाइने नौवेद्यमा खीर, दूध, केरा, मुला, पान र सुपारी आदि राखिन्छ । नौवेद्यलाई केराको पातमा राखेर छठीमातालाई चढाइन्छ । नौवेद्यलाई उत्सर्ग गरिसकेपछि बर्तालु र परिवारजनले प्रसाद ग्रहण गर्ने चलन रहेको छ ।

गोलबजारको फर्निचर शो रुम ....

आगो गोलबजार नगरपालिकाको बारुण यन्त्रको सहयोगमा नेपाल प्रहरी, सशस्त्र प्रहरीले करिव एक घण्टा लगाएर नियन्त्रणमा लिएको थियो।

पूर्वमन्त्री श्रेष्ठद्वारा प्रमुख ....

शिल्यानाश कार्यक्रममा प्रदेश २ का साँसद जगतारैन देवी साह, गाउँपालिकाका अध्यक्ष रामशरण यादव, प्रमुख प्रशासकीय अधिकृत सुजित यादव लगायतको सहभागिता रहेको थियो ।

	● गाउँ प्रहरी सहायक निरिक्षक ● गाउँ प्रहरी हब्लदार ● गाउँ प्रहरी जवान	● महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको । ● छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको । ● आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । ● स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको । ● नेपाली नागरिकता प्रमाणपत्र पाएको ।
१	गाउँ प्रहरी सहायक निरिक्षक	स्वीकृत विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह, दश जोड दुई वा सो सरह उत्तीर्ण पदको हकमा गरेको
२	गाउँ प्रहरी हवल्दार	मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उतिर्ण
३	गाउँ प्रहरी जवान	मान्यता प्राप्त शिक्षण संस्थाबाट ८ कक्षा वा सो सरह उतिर्ण
४	सहायक कम्प्युटर अपरेटर	मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर बिषय लिई एस.एल.सी./एस.ई.ई. वा सो सरह उतिर्ण, वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उर्तिण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उर्तिण गरी विज्ञान तथा प्रबिधि मन्त्रालयबाट Semi Skilled : बल Power को लीग संचालित ३ महिना को कम्प्युटर तालिम प्राप्त
५	अ.हे.ब.	मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. वा सि.एम.ए. कोर्ष उतिर्ण
६	अ.न.मी.	मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतिर्ण
७	हेबी सवारी चालक	समान्य लेखपढ जान्ने र हेबी सवारी चालक लाईसेन्स प्राप्त भएको
८	कार्यालय सहयोगी	समान्य लेखपढ जान्ने

४. उम्मेदवारको उम्मेरको हद :

सि.नं.	पद	उमेरको हद
१	● गाउँ प्रहरी सहायक निरिक्षक ● गाउँ प्रहरी हब्लदार ● गाउँ प्रहरी जवान	दरखास्त अह्वान भएको सालको बैशाख १ गते सम्म १८ बर्ष पुरा भई दरखास्त अह्वान भएको मिति सम्म २५ बर्ष ननाघेको
२	● सहायक कम्प्युटर अपरेटर ● अ.हे.ब. ● अ.न.मी. ● हेबी सवारी चालक ● कार्यालय सहयोगी	दरखास्त अह्वान भएको सालको बैशाख १ गते सम्म १८ बर्ष पुरा भई दरखास्त अह्वान भएको मिति सम्म ३५ बर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० बर्ष ननाघेको

५. दरखास्त दिने अन्तिम मिति : २०७८/०८/०७ गते सम्म कार्यालय समय भित्र र अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोली पल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन हुने छ ।

६. दरखास्त फारम पाउने र पेश गर्ने स्थान : दरखास्त फारम यस कार्यालय बाट प्राप्त गर्न सकिनेछ वा कार्यालयको वेब साइट www.bariyapattimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ र यस कार्यालयको प्रशासन शाखामा उपस्थित भई दरखास्त पेश गर्नु पर्नेछ । रित पुर्वक पेश नभएको दरखास्त उपर कुनै कार्बाही हुने छैन र त्यसको जिम्मेवार कार्यालय हुने छैन ।

पदपुर्ति समिति संयोजक

संविधान संशोधन नभए अर्को संविधान बन्छ : उपेन्द्र यादव

अपन दैनिक संवाददाता

रुपन्देही, २२ कार्तिक । जनता समाजवादी पार्टी जसपाका अध्यक्ष उपेन्द्र यादवले अहिलेको संविधान संशोधन नभए जनताले अर्को संविधान बनाउने चेतावनी दिएका छन् ।

पार्टीले रुपन्देहीको धकधईमा गरेको कार्यक्रममा उनले संघीयता विरोधीले नै संविधान बनाएकाले संविधानको संशोधन अपरिहार्य रहेको बताए । 'कांग्रेस र कम्युनिष्ट मिलेर बनाएको संविधान त्रुटिपूर्ण छ', यादवले भने, 'यसलाई संशोधन गर्नुपर्छ अन्यथा जनताले अर्को संविधान बनाउँछन् ।'

७ वटा प्रदेशको नक्सांकन र नामाकरण अव्यवहारिक र अवैज्ञानिक रहेको भन्दै यादवले उच्चस्तरीय राज्य पुनःसंरचना आयोगको प्रतिवेदन अनुसार १० वटा प्रदेश नै उचित भएको बताए । '५-७ जना मन्त्री बनेर झण्डावाला गाडी चढेर मात्र हुँदैन', यादवले भने, 'प्रदेश स्वायत्त र अधिकारसम्पन्न बनाउनुपर्छ ।'

जनसंख्याको आधारमा हरेक वर्ग र समुदायको राज्यका निकायमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने अध्यक्ष यादवले बताए ।

मन्त्री यादवले सयौं कार्यकर्तालाई ....

गरेका छन् । सुज अभियान अन्तर्गत आयोजित शुभकामना आदान-प्रदान तथा पार्टी प्रवेश कार्यक्रममा उनीहरुलाई मन्त्री यादवले जसपामा प्रवेश गराए । धनगढीमाई नगरपालिकामा जसपा मजबुत बन्दै गएको छ । यसअघि पनि मन्त्री यादवले उक्त नगरपालिकामा सयौं कार्यकर्तालाई जसपामा प्रवेश गराएका थिए ।

ठूलो परिमाणमा साखुवाको चिरान ....

कतै चारवटा छरिएर राखेको अवस्थामा फेला परेको वन अधिकृत दासले बताए ।

दासले जिल्ला उदयपुरबाट चोरी पैठारी गरी सिरहातर्फ सखुवाको चिरान आउने गरेको बताए । काठको खड्ड्या एकीन भएपनि नापजोख गर्न बाँकी रहेको बताए । भर्खरै काठ लिएर कार्यालयमा आईपुगेकोले भोली विहानमात्र नाम जोखहुने जनाएको छ ।

पक्राउ परेका काठ अहिलेको बजार भाउ अनुसार तीन लाख भन्दा मूल्यको रहेको बताइएको छ । यस सम्वन्धमा आवश्यक अनुसंधान भई रहेको डिभिजनल वन अधिकृत दासले जानकारी दिए ।

स्टडी ग्रुपले सन् २०२० यता नेपालबाट विदेशका विश्वविद्यालयहरूमा भर्ना हुनेमा ३६ प्रतिशत वृद्धि

अपन दैनिक संवाददाता

StudyGroup

- ❍ भर्ना हुने विद्यार्थीहरू मुख्यतया बाग्मती, गण्डकी र लुम्बिनी क्षेत्रका छन् ।
- ❍ सबैभन्दा लोकप्रिय पाठ्यक्रमहरूमा नर्सिङ, बिजिनेश एड्मिनिस्ट्रेसन, इन्जिनियरिंग व्यवस्थापन, अकाउन्टिंग, सूचना प्रविधि, डेटा विज्ञान आदि रहेका छन् ।
- ❍ इन्रोलमेन्ट डिसिजनलाई प्रभाव पार्ने गन्तव्य देशहरूको भिसा नियमहरूमा सामूहिक खोप अभियान र छूट रहेको छ ।

सिरहा, २२ कार्तिक । विश्वभरका सीमानाहरू पुनः खुल्न थालेसँगै अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा कलेजहरूमा नेपालबाट विद्यार्थी भर्ना हुने क्रम उल्लेख्यनीय रूपमा बढेको छ । प्रमुख अन्तर्राष्ट्रिय शिक्षा प्रदायक स्टडी ग्रुपले सन् २०२० यता ३६% विद्यार्थी भर्ना वृद्धि भएको जनाएको छ । अष्ट्रेलिया विद्यार्थीहरुको मनपर्ने गन्तव्यको सूचीमा शीर्ष स्थानमा रहेको छ भने अमेरिका, बेलायत र युरोप पनि यस सूचीमा सामिल रहेका छन् ।

विदेशमा गएर अध्ययन गर्नु नेपालका धेरै विद्यार्थीहरूका लागि आकांक्षा हो जसले अन्तर्राष्ट्रिय जीवनशैलीको अनुभव गर्न मन पराउँछन्, आफ्नो पाठ्यक्रम पूरा गरेपछि रोजगारीको लागि विशाल अवसरहरू खोज्दछन् र जो विदेशमा बस्न इच्छुक रहेका छन् । वास्तवमा, गत वर्षदेखि, ५५% नेपाली विद्यार्थीहरूले उत्तर अमेरिकाका आफ्नो मनपर्ने विश्वविद्यालयहरूमा आवेदन दिए । त्यसैगरि ४५% विद्यार्थीहरु बेलायतका विश्वविद्यालयहरूमा भर्ना भए र १०% विद्यार्थीले अष्ट्रेलियालाई आफ्नो मनपर्ने गन्तव्यको रूपमा रोजेका छन् । यी विद्यार्थीमध्य अधिकांश नेपालका बाग्मती, गण्डकी र लुम्बिनी क्षेत्रका रहेका छन् ।

अग्रणी अन्तर्राष्ट्रिय शिक्षा प्रदायक स्टडी ग्रुपका दक्षिण एसियाका क्षेत्रीय निर्देशक श्रीनी बन्दारा ज्यूले भन्नुभयो, "विदेशका विश्वविद्यालयहरूमा आवेदन दिने नेपाली विद्यार्थीहरूको संख्यामा यस्तो उल्लेख्यनीय वृद्धि भएको देख्न पाउँदा हामी अत्यन्तै खुसी छौं । उनीहरू उत्तर अमेरिका, बेलायत र अष्ट्रेलिया जस्ता देशहरूमा मुख्यतया आफ्नो शैक्षिक उत्कृष्टता हासिल गर्न, पार्ट टाइम जागिरका अवसरहरू खोज्न र स्नातकोत्तर कार्य अनुभवको लागि आकर्षित हुन्छन् ।"

नर्सिङ, जनस्वास्थ्य, बिजिनेश एड्मिनिस्ट्रेसन, इन्जिनियरिङ व्यवस्थापन, लेखा, सूचना प्रविधि, डाटा विज्ञान, प्रारम्भिक बाल्यकाल शिक्षा, शहरी योजना र इन्जिनियरिङ लगायतका अध्ययन कार्यक्रमहरू नेपाली विद्यार्थीहरूमाझ सबैभन्दा लोकप्रिय विषय रहेको छ ।

सहजा सिंचाईले ....

गोठ लगायत वरिपरिका करिव एक हजार हेक्टर खेती योग्य जमिनमा जग्गाअकाशे पानीको भरमा खेतीपाती गर्नुपर्ने वाध्यता रहँदै आएको थियो । हेडबक्स निर्माणले सो समस्या समाधान भई सतही सिंचाई मार्फत् कृषकहरुले चाहेबखत लगाईएको खेतीपातीमा सिंचाई गर्न पाएपछि स्थानीय अशेश्वर यादवले बताएका छन् ।

हेडबक्ससँगै पानी निकाल्ने क्यानल लगायतका संरचनाहरुको माग अझै रहेपनि बजेट अभावको कारण आवश्यकता अनुसार साना-साना क्यानल निर्माण गर्न नसकिएको सिंचाई विकास डिभिजन कार्यालय सिरहाका प्रमुख अरुण कुमार यादवले वताए । सिरहामा ६८ हजार कुलखेती योग्यजग्गा रहेको छ ।

लेख रचना पठाउँदा लेखकको संक्षिप्त परिचयसहित पठाउनु हुन अनुरोध गरिन्छ ।
सिधा सम्पर्क
०३३-५२१२१४
लेख र प्रतिक्रियाका लागि
apandainik@gmail.com



BAJAJ
UPGRADE
फाइदा MORE, TENSION NO MORE
कुनैपनि मोटरसाइकलको प्रचलित बजार VALUATION भन्दा रू.१०,000* थप
0% INTEREST ON 50% DOWNPAYMENT*
FREE ACCESSORIES*
BAJAJ खुसीको ३DOSE*
किन्नु अघि रू. १०,००० सम्म | किन्दा खेरी रू. १,००,००० सम्म | किने पछि बम्परमा रू. १०,००,०००
*CONDITIONS APPLY
स्नेहा अटो जोन
बजाज सो रुम सिरहा-७, थाना चौक
फोन नं. ०३३-५२०२५५ मो. नं. ९८०१५५२८१५